आ.व. २०७५/०७६ को नवौं बैठक

आज मिति **२०७५ साल मंशीर १८ गते मंगलवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल वमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री खिमलाल वली लेखा अधिकृत

२. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

३. श्री रेशमराज अधिकारी स्वा.पा.

## प्रस्तावहरु :

१. नदीजन्य पदार्थको बिक्रि खुलाउने सम्वन्धमा ।

२. नदीजन्य पदार्थको निकासी अनुगमन कार्यदल गठन सम्वन्धमा ।

३. नदीजन्य पदार्थ निकासीको रसिद काट्न दैनिक ज्यालादारीमा कर्मचारी खटाउने सम्वन्धमा ।

४. सिसहनिया र लालमटिया स्वास्थ्य चौकी स्तरोन्नती गर्ने सम्वन्धमा ।

५. सूचना प्रविधि अधिकृत सेवा करारमा लिने सम्वन्धमा ।

६. प्रदेशमा पठाउने समपुरक कोषको योजना छनौट सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा राप्ती गाउँपालिकाले गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राप्ती नदीको (खुरखुरीया बगर, मझेरिया ईन्टेक नजिको बगर, भानपुर बगर, बगरापुर बगर क्षेत्रहरुको ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि बिक्रिको) नदीजन्य पदार्थको शिलबन्दी बोलपत्र आह्वान सम्वन्धी ३० दिने सूचना मिति २०७५/०७/१२ मा प्रकाशित गरिएकोमा उक्त सूचनाको म्याद भित्र कुनैपनि बोलपत्र दर्ता हुन नआएको र राप्ती नदीको चैते दोभान, भालुवाङ बगर तीन समिान बगर र रनसिङ दोभान क्षेत्रको लागि शिलबन्दी बोलपत्र परी त्यसको आसयको सूचना प्रकाशन भैसकेता पनि ठेक्का सम्झौता गर्न अझै केहि दिन लाग्ने तथा ठेक्का नपरेको क्षेत्रको लागि पुनः १५ दिने सूचना प्रकाशनको तयारी भैसके पनि त्यसको प्रक्रिया टुंगीन अझै १ महिना जती समय लाग्ने भएकाले सबै विकास निर्माणका काममा अवरोध उत्पन्न भएको भनी जनताबाट व्यापक गुनासो आएको तथा नदीजन्य पदार्थको बिक्रि रोकिएको अवस्थामा पनि राती राती चोरी पैठारी भैरहेको सन्दर्भमा गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भई स्वीकृत वार्षिक योजनाहरुलाई सुचारु गर्न गाउँपालिका आफैले रोयल्टी अशुल गर्ने गरी केही समयको लागि भानपुर बगर र बगरापुर बगर क्षेत्रबाट नदीजन्य पदार्थको बिक्रिवितरण गर्नैपर्ने आवश्यता महशुस गरी उक्त २ स्थानमा नदी जन्य पदार्थको आन्तरिक बिक्रि खुलाउने र बोलपत्र नपरेको स्थानको लागि दोस्रो पटक नदीजन्य पदार्थको १५ दिने शिलवन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना प्रकाशन गरी उक्त म्याद भित्र पर्न आएको बोलपत्रदाता सँग गाउँपालिकाबाट बिक्रि भएजतिको परिमाण घटाई ठेक्का सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्रभित्र राप्ती नदीको भानपुर बगर र बगरापुर बगरको नदीजन्य पदार्थको गाउँपालिकाद्वारा गरिने आन्तरिक बिक्रिको उत्तरदायित्व समेत वहन गर्ने गरी देहाय बमोजिमको ७ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

***कार्यदलमा रहने पदाधिकारीहरुको विवरण :***

| | |
|---|---|
| १. श्री जगदम्वा कुमारी चौधरी | -संयोजक |
| २. श्री बेद प्रसाद चौधरी (६ नं.वडा अध्यक्ष) | -सदस्य |
| ३. श्री गोवर्धन रावत (५ नं.वडा अध्यक्ष) | -सदस्य |
| ४. श्री विद्याशरण चौधरी (७ नं.वडा अध्यक्ष) | -सदस्य |
| ५. श्री चन्दर चौधरी (३ नं.वडा अध्यक्ष) | -सदस्य |
| ६. स.ई.श्री श्याम रोका (ई.प्र.का.भालुवाङ) | -सदस्य |
| ७. अ.स.ई.श्री गिरीराज पोखेल (प्रहरी चौकी सिसहनिया) | -सदस्य |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्रभित्र राप्ती नदीको नदीजन्य पदार्थको आन्तरिक निकासीको रसिद काट्न भानपुर बगर क्षेत्रको लागि राप्ती गाउँपालिका वडा नं.-७ का श्री जिवलाल चौधरीलाई र श्री श्रवण चौधरी बगरापुर तथा बगर क्षेत्रको लागि राप्ती गाउँपालिका वडा न.-८ का श्री सुरेश शाहीलाई दैनिक रु. ५००।- (पाँच सय रुपैयाँ) पारिश्रमिक उपलव्ध गराउने गरी दैनिक ज्यालादारीमा खटाउने र रसिद काट्ने समय विहान ८ : ०० बजे देखि दिउँसो २ : ०० सम्म निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस राप्ती गाउंपालिका अन्तर्गत रहेका सिसहनिया र लालमटिया स्वास्थ्य चौकीहरुलाई स्तरोन्नती गरी १५/१५ शैयाको अस्पतालमा परिणत गर्नको लागि सम्वन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको लागि आवश्यक १ जना सूचना प्रविधि अधिकृत सेवा करारमा लिने सम्वन्धमा सूचना प्रकाशन लगायतका सम्पूर्ण प्रक्रिया पुरा गरी सेवा करार गर्ने कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाले ५०% रकम व्यहोर्ने गरी राप्ती गाउँपालि वडा नं.-१ आँपखोलीको बाटोमा पक्की नाला तथा कालोपत्रे योजनामा रु ५०,००,०००।- (अक्षेरुपी पचास लाख रुपैयाँ) विनियोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.-५ बुटवलमा योजना स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।